जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक १३४ | २०७९ साल पुस ९ गते शनिबार (24 Dec. 2022 Saturday) | मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : काठमाडौं-तराई मधेश्रुतमार्गलाइ... ३ पृष्ठमा : चिसोबाट नागरिकलाई बचाउन.. ३ पृष्ठमा : बेइजिडमा कोभिड संक्रमण..

# मधेशी आयोगले संघीय संसद सचिवालयलाई सोध्यो स्पष्टिकरण




**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

मधेशी आयोगले संघीय संसद सचिवालयलाई मधेशी भाषामा सपथ लिन मान्यता दिएको भन्दै स्पष्टीकरण सोधेको छ।

प्रतिनिधि सभाका जेष्ठ सदस्य पशुपतिशमशेर जबराले बिहीबार जनमत पार्टीका अध्यक्ष डा. सीके राउतसहितका केही सांसदले सूचीकरणमै नरहेको 'मधेशी भाषा' मा सपथ गराएका थिए।

भाषा आयोग तथा मधेशी आयोगले सूचीकरण नै नगरेको 'मधेशी भाषा' मा शपथ लिन मान्यता दिएको भन्दै आयोगकी उपसचिव सविता डंगोलले संसद सचिवालयलाई स्पष्टीकरण सोध्दै शुक्रबार पत्र पठाएकी छन्।

'हालसम्म भाषा आयोगबाट प्रकाशित 'मधेशी भाषा' सुचिकृत नभएको देखिएकोले सो भाषामा प्रतिनिधि सभाका सदस्यहरुले औपचारिक कार्यक्रममा शपथ लिनु गम्भीरताको विषय रहेको साथै नेपालमा विद्यामान रहेका सूचीकृत अन्य भाषाहरुमाथि नकारात्मक प्रभाव परेको देखिन्छ,' संसद सचिवालयको उक्त पत्रमा भनिएको छ, 'सो सम्बन्धमा यस आयोगलाई श्री संघीय संसदको सचिवालयले कुन आधारमा मधेशी भाषामा शपथ लिन मान्यता दिएको भनी स्पष्ट हुने गरी जानकारी गराइदिन हुन निर्देशानुसार अनुरोध गरिएको छ।'

शपथ ग्रहणपछि दर्जनौं संघसंस्थाले आयोगमा फोन गरेर मधेशी भाषा औपचारिक रुपमा सूचीकृत नरहेकाले उक्त शपथ खारेजीको माग गरेको समेत आयोगले जनाएको छ।

# मधेशी भाषामा सपथ ग्रहण गराइएकोप्रति गम्भीर ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजबिराज, ८ पुस ।**

मैथिली साहित्य परिषद्, मिलाफ नेपाल र आइ लभ मिथिलाले नव निर्वाचित प्रतिनिधि सभा सदस्यहरुलाई संसद भवनमा मधेशी भाषामा शपथ ग्रहण कार्य संसद सचिवालयद्वारा गराईएको कार्य प्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ।

मैथिली साहित्य परिषद्का अध्यक्ष सतिश कुमार दत्त, मिलाफ नेपालका अध्यक्ष रमिला साह र आइ लभ मिथिलाका अध्यक्ष विद्यानन्द यादवले शुक्रबार संयुक्त रुपमा सप्तरीका प्रमुख जिल्ला अधिकारी मार्फत संसद सचिवालय काठमाडौंमा बुझाएका ज्ञापन पत्रमा मधेशी भाषा मधेशी आयोग, केन्द्रीय तथ्याङ्क विभाग वा कुनै पनि सरकारी दस्तावेजमा सूचीकृत वा उल्लेख न रहेको जनाइएको छ।

मैथिली भाषी क्षेत्रबाट प्रतिनिधित्व गरेका राष्ट्रिय राजनीतिमा उदाएका जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. चन्द्रकान्त (सीके) राउत र जनमत पार्टीबाटै सासंद बनेका केही अन्य व्यक्तिहरुले संसदीय सचिवालयमा आफ्नो मातृभाषाको रूपमा नेपालमा कहिल्यै न बोलिएको सुनिएको मधेशी भाषालाई चिहिन्त गराउँदै सोहि भाषामा शपथ लिएकोमा मैथिली भाषी भएर पनि आफ्नो मातृभाषा मैथिलीको नाम माथि प्रहार गरेकोमा हाम्रो अभिमत रहेको उल्लेख छ।

बुझाइएको ज्ञापन पत्रमा भनिएको छ, "देशकै दोश्रो सबै भन्दा बढ़ी बोलिने मातृभााषा प्रति अन्याय हो, हामी मान्दछौं, त्यसैले यो भएको कार्यको हामीहरु घोर भर्त्सना गर्दछौं।"

यस्तै ज्ञापन पत्रमा "मैथिली भाषी क्षेत्रबाट प्रतिनिधित्व गरेर यसै क्षेत्रको लोकप्रिय मतबाट राष्ट्रिय पार्टीको मान्यता प्राप्त गरेको जनमत पार्टीद्वारा "मधेशी भाषा", भनेर एउटा नयाँ भाषा जो, कहिल्यै कुनै भाषा वैज्ञानिकद्वारा प्रकाशित कुनै लेख, नेपालको केन्द्रिय तथ्यांक विभाग, तथा कुनै पनि आधिकारिक दस्तावेजमा न रहेको यस भाषामा

*बाँकी तीन पृष्ठमा*

# ओबीसीले मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई प्रतिवेदन बुझायो



**दैनिक समाचारदाता**
**जनकपुर, ८ पुस ।**

मधेश प्रदेश सरकारलाई पिछडावर्ग (ओबीसी) पहिचान तथा उत्थान उच्चस्तरीय सुझाव समितिले शुक्रबार प्रतिवेदन बुझाएको छ।

समितिका अध्यक्ष समेत रहेका मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह नेतृत्वको टोलीले मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई १ सय ३५ पृष्ठको

*बाँकी दुई पृष्ठमा*

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा बिक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## सुचना। सुचना। सुचना।

यही पुष २९ गते देखि प्रधानमन्त्री कप सिनियर महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता हुने भएकोले उक्त खेलमा सहभागीताका लागी सप्तरी क्रिकेट संघले महिला क्रिकेट टिम छनोट गर्नुपर्ने भएकोले जिल्ला भरका १५ बर्ष उमेर पुरा गरेका सम्पुर्ण महिला क्रिकेट खेलाडीहरूले तपसिल बमोजिमको मिति, स्थान र समयमा उपस्थित भई छनोट प्रतियोगितामा सहभागीका लागि अनुरोध गर्दछु।

**तपसिल**

**मिति :** २०७९ पुष १२, १३ र १४ गते
**स्थान :** पवि माबि राजबिराज खेल मैदान
**समय :** बिहान ८ बजे देखि
**सम्पर्क :** धर्मेन्द्र चौधरी (९८०४७२६३२६)

**चन्दनकुमार यादब**
**सचिव**
**सप्तरी क्रिकेट संघ**
(९८०१५७७९१८)

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लास्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# कांग्रेसले थाल्यो मधेसमा संसदीय दल नेता चयन प्रक्रिया

जनकपुरधाम, ८ पुस (रासस)। नेपाली कांग्रेसले मधेस प्रदेशको संसदीय दलको नेता चयन गर्ने प्रक्रिया सुरु गरेको छ।

संसदीय दलको नेता चयन गर्न कांग्रेसले पार्टीको मधेस प्रदेश समितिका उपसभापति चन्द्रशेखर यादवको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ। कांग्रेस प्रदेश समितिको जनकपुरधाममा बसेको बैठकले उपसभापति यादवको संयोजकत्वमा प्रदेश समितिका महामन्त्री बृहस्पति कृष्ण श्रेष्ठ र सहमहामन्त्री बिन्दुकुमारी यादव सदस्य रहने गरी तीन सदस्य निर्वाचन समिति गठन गर्ने निर्णय भएको कांग्रेसका मधेस प्रदेश प्रचारप्रसार प्रमुख नितेश गुप्ताले जानकारी दिनुभयो।

कांग्रेसको विधान नियमावली र प्रदेश संसदीय दलको विधानको धारा ५ को ३ अनुसार निर्वाचन समिति गठन गरिएको हो। निर्वाचन समितिले केही दिनभित्रै सर्वसहमतिबाट दलको नेता चयन पहल थालिने र नभए अन्तमा निर्वाचन प्रक्रिया अपनाउने गुप्ताले बताउनुभयो। कांग्रेसमा संसदीय दलका नेताका लागि कांग्रेस मधेस प्रदेश समिति सभापति कृष्णकुमार यादव, रामसरोज यादव, वीरेन्द्र सिंह र जनार्दन क्षेत्री आकाङ्क्षी छन्।

यस्तै बैठकले मधेस प्रदेश सरकार गठनका लागि पार्टीको केन्द्रीय नेतृत्व र अन्य दलहरूसँग समन्वय गर्न प्रदेश सभापति यादवलाई जिम्मेवारी दिने निर्णय गरेको प्रचारप्रसार प्रमुख गुप्ताले बताउनुभयो।

# काठमाडौं-तराई मधेस द्रुतमार्गलाई चाँडो सक्न अनुगमन र समन्वय समिति !

काठमाडौं, ८ पुस (रासस)। नेपाली सेनाले राष्ट्रिय गौरवका आयोजनामध्ये सर्वाधिक प्राथमिकता र चर्चामा रहेको काठमाडौं-तराई मधेस द्रुतमार्गको काम चाँडो सक्न समन्वय तथा अनुगमनसम्बन्धी समिति गठन गरेको छ।

'आजको सुरुआत, भोलिको आधार : काठमाडौं-तराई मधेस द्रुतमार्ग' भन्ने नाराकासाथ नेपाली सेनाको व्यवस्थापनमा यो आयोजना अघि बढिरहेको छ। नेपाली सेनाका हालका प्रवक्ता नारायण सिल्वालको अध्यक्षतामा गठन भएको उक्त समयन्त्रलाई आयोजना अघि बढाउने सिलसिलामा देखिएका यावत समस्या र चुनौती समन्वय गरी सुल्झाउने कार्य जिम्मेवारी छ।

अध्यक्ष सिल्वालले भन्नुभयो, "आयोजनाको अहिलेको निर्माणको गतिलाई बढाउँदै सङ्गठनको कार्यदेशअनुसार सम्पन्न गर्न अनुगमन र समन्वयनको कार्य समितिलाई प्राप्त छ। सो पूरा गर्नु हाम्रो मुख्य कार्य जिम्मेवारी हुनेछ।" रणनीतिक मात्र नभई बहुआयामिक महत्वको उक्त आयोजना अघि बढाउन गठन भएको समितिमा प्राड विवाकका महासेनानी रक्षा केसी, लेखा विभागका प्रमुख सेनानी सौरवमानसिंह बस्नेत, इन्फेन्टीका महासेनानी कमल बाँनिया र इन्जिनियरिङतर्फका प्राविधिक महासेनानी धर्मेन्द्र झा रहनुभएको छ। समितिले आफ्नो कार्य प्रारम्भ गरिसकेको छ।

खासगरी पूर्वी र मध्य तराई/मधेसबाट कम समय र छोटो दूरीमा देशको राजधानीसँग जोड्ने समृद्धिको आकाङ्क्षा तथा उद्देश्य बोकेको आयोजनाप्रति नेपाली जनताको ठूलो आशा र भरोसा लुकेको छ। आर्थिक वर्ष २०७४/७५ मा सुरु भएको उक्त द्रुतमार्ग आयोजना २०८१ सालको पुससम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। ललितपुरको खोकनाबाट सुरु भई काठमाडौं, मकवानपुर हुँदै बाराको निजगढमा पुगेर पूर्वपश्चिम राजमार्गमा जोडिने उक्त द्रुतमार्गको लम्बाइ ७२ दशमलव पाँच किलोमिटर छ।

महादेवडाँडा, धेद्रे र लेनडाँडामा करिब छ दशमलव ४१ किमी दोहोरो सुरुङसहितको द्रुतमार्गमा साना र ठूला गरी ८७ पुल रहने छन्। ती पुलको लम्बाइ १० दशमलव ५९ किमी हुनेछ। पुल र सुरुङबाहेक सडकखण्ड ५५ दशमलव पाँच किमी रहनेछ। द्रुतमार्ग सडक ललितपुरमा सात दशमलव नौ किमी, काठमाडौंमा चार, मकवानपुरमा ५३ र बारामा सात दशमलव छ किमी पर्छ।

आयोजनाको कूल लागत रु एक खर्ब ७५ अर्ब १९ करोड ३६ लाख अनुमान गरिएको छ। आयोजनाको हालसम्मको वित्तीय र भौतिक प्रगति करिब २० प्रतिशत छ। आयोजनाका लागि गत आवसम्म रु ३७ अर्ब ९६ करोड खर्च भइसकेको छ। पछिल्लो समय आयोजना निर्माण कार्यको नेतृत्व सहायकरथी कमलविक्रम शाहले सम्हाल्नुभएको छ।

देशको राजधानीलाई पूर्वी भू-भाग र तराईसँग जोड्ने वैकल्पिक राजमार्ग बनाउने सोचअनुरुप निर्माणाधीन काठमाडौं-तराई-मधेस द्रुतमार्ग आयोजनाका लागि २०४९ सालमा डेनिस सहयोग नियोगबाट सम्भाव्यता अध्ययन गरिएको थियो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले बढी रहेको हवाई उडान र अवतरणको चाप थेग्न नसक्ने निर्क्योलका साथ राजधानीबाट छोटो दूरीमा रहने गरी अर्को वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निजगढमा बनाउने तथा कम समयमा त्यहाँ आवतजावत गर्न सडक निर्माण गर्ने सोचसँग सम्बन्धित यो पूर्वाधार हो। सरकारले आर्थिक वर्ष २०६६/६७ को बजेटमा द्रुतमार्गको पहुँचमार्ग खोल्ने निर्णयअनुसार तीन वर्ष लगाएर सेनाले त्यो काम २०७० सलमा पूरा गरेको थियो।

त्यससँगै आयोजना निर्माणको जिम्मेवारी कसलाई दिने भन्ने विषयमा राजनीतिक दलबीच लामो समयसम्म रस्साकस्सीपछि मुलुकको प्रमुख सुरक्षा अङ्गका रुपमा रहेको सेनाको व्यवस्थापनमा अघि बढाउने विषयमा सर्वसम्मति भएको थियो। यसअघि सेनाले नै २०६७ सालदेखि रु ९४ करोडको लागतमा तीन वर्ष लगाएर आयोजनाको द्रुतमार्गको पहुँच मार्ग खोलेको हो।

एसियन हाई-वे स्टचाण्डर्डको आयोजनालाई अर्जुनदृष्टि र द्रुतआधारमा अघि बढाइरहेको सेनाका प्रवक्ता सिल्वालले बताउनुभयो। नेपालको सडक यातायातको क्षेत्रमा अत्याधुनिक र रुपान्तरणकारी आयोजनाका रुपमा द्रुतमार्ग स्थापित हुनेछ।

काठमाडौंलाई तराई मधेस हुँदै छिमेकी मुलुक भारतसँग जोड्ने छोटो, फराकिलो र सुविधा सम्पन्न द्रुतमार्ग निर्माणपछि काठमाडौंबाट निजगढसम्मको यात्राअवधि पाँच घण्टाबाट घटेर एक घण्टामा सीमित रहने मात्र नभई इन्धन र समयसमेत बचत हुनेछ।

# नेपालमा कोरोनाको नयाँ भेरियन्ट देखिएको छैन : मन्त्रालय

काठमाडौं, ८ पुस (रासस)। नेपालमा छिमेकी मुलुकमा देखिएका कोरोना भाइरसको नयाँ भेरियन्ट देखिएको छैन। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले छिमेकी मुलुकमा देखिएको बी.एफ ७ नामक प्रजातिको नयाँ भेरियन्ट नेपालमा फेला नपरेको जानकारी दिनुभयो।

उहाँका अनुसार एक महिनामा देशका विभिन्न ठाउँबाट सङ्कलन गरिएका नमुनाको 'जिन सिक्वेन्सिन' गर्दा वीएफ ७ नामक प्रजातिको भेरियन्ट फेला नपरेको हो। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा ४८ नमुना परीक्षण गर्दा सबैमा ओमिक्रोन भेरियन्ट फेला परेको उहाँले बताउनुभयो।

मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले केही देशमा सङ्क्रमणको नयाँ भेरियन्ट पुष्टि हुँदै फैलिँदै गरेको अवस्थामा मन्त्रालयले निगरानी बढाउने एवम् सम्बन्धित देशसँग समन्वय गर्ने कार्य भइरहेको जानकारी दिनुभयो।

नेपालमा कोभिड-१९ को सङ्क्रमण कम भए पनि विश्वव्यापी रुपमा हेर्दा केही देशहरुमा भने सङ्क्रमणको नयाँ स्वरुप बढिरहेकाले जोखिम रहेको मन्त्रालयले जनाएको छ। हाम्रै छिमेकी देशहरुमा सङ्क्रमणको पछिल्लो अवस्थाबाट हामी सुसूचित हुँदै सजक हुन आवश्यक रहेको उहाँले बताउनुभयो।

कोभिड-१९ को सङ्क्रमणको जोखिम फरक स्वरुपमा देखिरहेकाले पछिल्लो अवस्थालाई मध्यनजर गर्दै मन्त्रालयले सबैलाई मास्कको प्रयोग गर्न, एक अर्काबीच भौतिक दूरी कायम राख्न र व्यक्तिगत हातको सरसफाइमा विशेष ध्यान दिन अनुरोध गरेको छ। मन्त्रालयले सबै सिमानाका विन्दुका स्वास्थ्य सहायता कक्षहरुमा स्क्रिनिङ, निगरानी, सतर्कता एवम् आवश्यक तयारी गर्न आग्रह गरेको छ।

## *ओबीसीले...*

प्रतिवेदन बुझाएको हो।

पिछडावर्गको आर्थिक, राजनीतिक, शैक्षिक, सामाजिक रुपान्तरण लगायतको विषयहरुमा सुझाव उक्त प्रतिवेदनमा समावेश गरिएको समितिका अध्यक्ष साहले जानकारी दिएका छन्। समितिको शुक्रबारै बिहान बसेको बैठकले सर्वसम्मत रुपमा प्रतिवेदन पारित गरेको थियो।

उनका अनुसार २०७८ चैत्र २० गते मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा बसेको मन्त्री परिषद्को बैठकले पिछडावर्गको पहिचान तथा उत्थान सम्बन्धी अध्ययनका लागि मधेश प्रदेश सरकारलाई सुझाव दिन समिति गठन गरिएको थियो। समितिले मधेश प्रदेशका पर्सादेखि सप्तरीसम्मका आठ ओटै जिल्लाहरुमा पुगी विज्ञ, सरोकारवाला, संघ संस्था एवम् निकायहरुसँग छलफल, सुझाव सङ्कलन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र अनुभव समेतलाई अध्ययन गरी प्रतिवेदन तयार पारिएको समितिका अध्यक्ष समेत रहेका मन्त्री साहले बताए।

प्रतिवेदन कार्यान्वयन भए पिछडावर्गका ४३ ओटा जातजातिहरु बुझिने र यसबाट पचास प्रतिशत आरक्षण मधेश प्रदेश सरकारको सम्पूर्ण निकायमा सुनिश्चितता हुने समितिका सदस्य मनाई महतोले जानकारी दिएका छन्। मधेश प्रदेश सरकारले उक्त प्रतिवेदन कार्यान्वयन गर्नेमा आफूहरु आशावादी रहेको उनले प्रतिक्रिया दिएका छन्।

समितिको सदस्यमा अर्थ मन्त्रालय र सामाजिक विकास मन्त्रालयका सचिव, पिछडा वर्गका अगुवा प्रतिनिधि भरत महतो, मनाई महतो तथा सदस्य सचिवमा अर्थ मन्त्रालयका उप-सचिव रहेका थिए।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता

रुपनी गाउँपालिका, सप्तरी

# चिसोबाट नागरिकलाई बचाउन रकम खर्च गर्ने अख्तियारी प्रदान

काठमाडौँ, ८ पुस (रासस)।

सरकारले शीतलहर, हिमपात तथा अत्यधिक चिसोबाट नागरिकलाई बचाउन जिल्लामा रहेको विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरी विभिन्न जिल्लालाई अख्तियारी दिएको छ।

गृहमन्त्री बालकृष्ण खाँणले शुक्रबार मन्त्रीस्तरीय निर्णयबाट शीतलहर, हिमपात तथा अत्याधिक चिसो हुने २० जिल्लालाई तीन तहमा विभाजित गरी सोहीअनुरुप वितरण गर्ने अख्तियारी प्रदान गर्नुभएको हो।

मन्त्रिपरिषद्‌बाट शीतलहर, हिमपात तथा अत्यधिक चिसोबाट हुनसक्ने जोखिम एवं सम्भावित धनजनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी एवं प्रतिकार्य सम्बन्धमा भएको निर्णय कार्यान्वयन गर्न गृहमन्त्री खाँणले सो निर्णय गर्नुभएको हो।

हिमाली जिल्ला ताप्लेजुङ, सोलुखुम्बु, सङ्खुवासभा, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, रसुवा, धादिङ, मुस्ताङ, गोरखा, रुकुम पूर्व, हुम्ला, जुम्ला, मुगु, डाल्पा, कालीकोट, बझाङ, बाजुरा र दार्चुलालाई रु चार लाखका दरले खर्च गर्ने अख्तियारी दिइएको छ।

त्यसैगरी बढी प्रभावित हुनसक्ने तराईका जिल्ला सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, नवलपरासी पश्चिम, रुपन्देही र कपिलबस्तुलाई रु १२ लाखका दरले खर्च गर्ने अख्तियारी दिइएको छ।

त्यस्तै नवलपरासी पूर्व, दाङ, बाँके, बर्दिया र कञ्चनपुरलाई रु आठ लाखका दरले खर्च गर्ने अख्तियारी दिइएको छ।

कोषमा रकम अपुग भएमा माग गरी नेपाल सरकारको स्वीकृत मापदण्डबमोजिम तोकिएको सीमाभित्र खर्च गर्न पनि निर्देशन दिइएको छ।

तराईमा शीतलहर र हिमाल तथा पहाडमा अत्यधिक चिसो सुरु हुन लागेपछि सरकारले पूर्वतयारीस्वरुप यस्तो निर्णय गरेको मन्त्रालयले जनाएको छ।

यसअघि साउन २० मा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति बैठकले 'विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ स्वीकृत' गरेको थियो। सोही कार्यविधि अनुसार चिसोबाट बचाउन जिल्लालाई रकम खर्च गर्ने अख्तियारी दिइएको हो।

# विश्वसनीयताको मानक डिजिटल कारोबार : गभर्नर

काठमाडौं, ८ पुस (रासस)।

नेपाल राष्ट्र बैंकले सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लाबाट डिजिटल वित्तीय साक्षरता कार्यक्रम शुभारम्भ गरेको छ। दार्चुलाको सदरमुकाम खलङ्गामा शुक्रबार आयोजित एक कार्यक्रमकाबीच डिजिटल वित्तीय साक्षरताको शुभारम्भ गरिएको केन्द्रीय बैंकले जनाएको छ।

सो अवसरमा गभर्नर महाप्रसाद अधिकारीले पछिल्लो समयमा विद्युतीय भुक्तानी कारोबारमा उल्लेख्य वृद्धि भएको उल्लेख गर्दै डिजिटल कारोबारलाई थप प्रवर्द्धन र प्रोत्साहन गर्न कार्यक्रमको सुरुआत गरिएको जानकारी दिनुभयो।

"क्युआर कोडबाट मात्र मासिक ४२ लाखभन्दा बढी कारोबार भएको पाइएको छ। यो आफैँमा उत्साहजनक अवस्था हो। डिजिटल कारोबारलाई थप प्रोत्साहन गर्नका निम्ति डिजिटल वित्तीय साक्षरता कार्यक्रमको सुरुआत हामीले गरेका हौं", उहाँले भन्नुभयो।

डिजिटल कारोबारलाई 'पारदर्शीताको मेरुदण्ड'को सङ्ज्ञा दिंदै गभर्नर अधिकारीले डिजिटल कारोबारबाट भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रवर्द्धनमा समेत टेवा पुग्ने धारणा राख्नुभयो।

सरकारको 'डिजिटल नेपाल फ्रेमवर्क'लाई कार्यान्वयन गर्दै डिजिटल अर्थतन्त्रको विकासका निम्ति विद्युतीय भुक्तानी कारोबारलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो। डिजिटल कारोबारमा आउनसक्ने जोखिमप्रति सचेत रहनसमेत उहाँले सबैलाई अनुरोध गर्नुभयो।

उक्त अवसरमा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले स्वागत मन्तव्य राख्दै डिजिटल वित्तीय साक्षरता कार्यक्रमको उद्देश्य र औचित्यबारे प्रकाश पार्नुभयो। साथै नेपालमा विद्युतीय भुक्तानी कारोबारको वर्तमान अवस्था र सूचकका बारेमा समेत उहाँले जानकारी दिनुभयो।

गभर्नरको कार्यालयका निर्देशक अजित रेग्मीले एक कार्यपत्र प्रस्तुत गर्दै डिजिटल वित्तीय साक्षरताको सान्दर्भिकता, यसका आधारभूत पक्ष, नेपालमा उपलब्ध डिजिटल वित्तीय सेवा, यसको फाइदा, कारोबारमा अपनाउनुपर्ने सावधानीलगायतका विविध पक्षबारे जानकारी दिनुभयो।

विद्युतीय भुक्तानी कारोबारलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने उद्देश्यका साथ नेपाल राष्ट्र बैंकले पछिल्ला वर्षहरूमा यससम्बन्धी नीतिगत व्यवस्थालाई अवलम्बन गर्दै आएको छ। आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिमा चालु आर्थिक वर्षलाई 'विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन वर्ष'का रूपमा मनाउन आवश्यक संस्थागत समन्वय गरिनेसमेत उल्लेख गरिएको छ।

यसैबीच, गभर्नर अधिकारीले शुक्रबारै बैंक तथा वित्तीय संस्था, दार्चुला उद्योग वाणिज्य सङ्घ र कृषि ज्ञानकेन्द्र, दार्चुलाका प्रतिनिधिसँग छुट्टाछुट्टै भेटवार्ता गरी विविध विषयमा छलफल गर्नुभएको छ।

सोही क्रममा उहाँले सुदूरपश्चिम प्रदेशस्थित वाणिज्य बैंकका प्रदेश प्रमुख र दार्चुलास्थित बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुखसँग यस क्षेत्रको वित्तीय कारोबारको अवस्थाबारे प्रभावकारी सेवा प्रवाह गर्न निर्देशन दिनुभयो।

यसैगरी, उद्योग वाणिज्य सङ्घका पदाधिकारीसँगको छलफलमा उहाँले दार्चुला जिल्लाको उद्यम/व्यवसाय, भारु कारोबार र बैंक तथा वित्तीय संस्थाको सेवाबारे जिज्ञासा राख्नुभयो।

कृषि ज्ञान केन्द्रका प्रतिनिधिसँगको छलफलमा गभर्नर अधिकारीले दार्चुला जिल्लामा व्यावसायिक कृषिको विद्यमान अवस्था, सम्भावना, कृषि कर्जा तथा ब्याज अनुदान र कृषि क्षेत्र प्रवर्द्धनका भावी सम्भावनाका विषयमा जानकारी लिनुभएको थियो।

***मधेशी...***

शपथ लिने र शपथ दिलाउने संसद सचिवालयद्वारा मान्यता दिने जुन कार्य भएको छ त्यो अनाधिकार, अनुपयुक्त र प्रचलित ऐन कानून विपरित रहेको र यसले खुलेआम कानूनको उपहास उड़ाउने काम भएको छ। यसबाट मातृभाषाहरुको तिरष्कार भएको तथा भाषिक अराजकता उत्पन्न हुने हाम्रो अभिमत रहेको छ। त्यसैले मैथिली भाषालाई हतोत्साहित गर्न वदनियपुर्ण तवरले बनाईएको यो नयाँ जन्मेको मधेशी भाषाको हामीहरु घोर भर्त्सना गर्दछौं।"

सम्पुर्ण मैथिली भाषीको भावना उपर गम्भीर ठेस पुगेको यस कार्यलाई संसद सचिवालयले तुरन्त फिर्ता लिन भन्दै जनमत पार्टीद्वारा लिईएको यस शपथलाई अवैध ठहर गरी उनीहरुलाई पुनः शपथ ग्रहण गराउन माँग गरिएको छ।

ज्ञापन पत्रमा माँग पुरा नभए कड़ा विरोध गर्ने र आन्दोलन गर्न बाध्य हुने सम्बन्धित सबैमा जानकारी गराउँदै त्यसको जिम्मेवार स्वयं सम्बन्धित पक्ष नै हुने समेत जानकारी गराइएको छ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


## विश्व समाचार

### बेइजिङमा कोभिड संक्रमण बढ्दो

बेइजिङ, ८ पुस (रासस/सिन्ह्वा)।

उत्तर चीनमा जाडो याममा श्वासप्रश्वाससम्बन्धी सङ्क्रामक रोगको प्रकोप बढी हुने गरेकाले स्वास्थ्य विज्ञहरूले बेइजिङमा कोभिड-१९ को गम्भीर सङ्क्रमण बढ्दै गएको बताएका छन्।

बेइजिङ अस्पतालका श्वासप्रश्वास तथा क्रिटिकल केयर मेडिसिन विभागका प्रमुख ली यानमिङका अनुसार ओमिक्रोन भेरियन्टको सङ्क्रमणपछि केही पाका उमेरका बिरामीमा गम्भीर समस्या देखिएको थियो, तर उनीहरू सबै उपचारपछि सङ्क्रमणबाट निको हुनेछन्।

बेइजिङ चाओ-याङ अस्पतालका उपाध्यक्ष तोङ झाओहुइका अनुसार अस्पतालमा पछिल्ला दिनमा दैनिक औसत तीन सय ५० देखि चार सय ज्वरोका बिरामी र पाँच सयको हाराहारीमा आपत्‌कालीन अवस्थाका बिरामी आउने गरेका छन्।

चीनले गम्भीर बिरामीहरूको उपचारका लागि चिकित्सा सुविधाहरू तयार गरेको छ किनकि देशमा यी बिरामीहरूको सङ्ख्यामा वृद्धि भइरहेको छ। राष्ट्रिय स्वास्थ्य आयोगका एक अधिकारी जियाओ याहुइका अनुसार तेस्रो श्रेणीका अस्पतालले गम्भीर अवस्थाका कोभिड-१९ का बिरामीका साथै अन्य गम्भीर अवस्थाका बिरामीलाई भर्ना गर्नुपर्छ।

जिओले भन्नुभयो, "आधारभूत अवस्था भएका ज्येष्ठ बिरामी र बालबालिकालाई अवस्था परिवर्तन हुनेबित्तिकै सिधै तेस्रो श्रेणीका अस्पतालमा स्थानान्तरण गर्नुपर्छ। चीनको त्रिस्तरीय अस्पताल ग्रेडिङ प्रणालीको शीर्षस्थानमा तेस्रो श्रेणीका अस्पताल छन्। तिनीहरूसँग सबैभन्दा बढी अस्पताल बेडहरू छन् र उनीहरूले व्यापक चिकित्सा सेवा प्रदान गर्छन्।

### दक्षिण सुडानलाई संयुक्त राष्टसंघको सहयोग

संयुक्त राष्ट्रसङ्घ, ८ पुस (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता एजेन्सीले दक्षिण सुडानलाई सहयोग गरेको छ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सीका प्रमुख मार्टिन ग्रिफिथ्सले सो कुराको जानकारी दिनुभएको हो।

उहाँले दक्षिण सुडानलाई तत्कालको आपत्‌कालीन प्रयोजनका लागि एक करोड ४० लाख अमेरिकी डलर बराबरको सहयोग उपलब्ध गराइएको बताउनुभएको छ।

दक्षिणी सुडानका खासगरी हिंसा र बाढीपीडित नागरिकका लागि सहयोग पुगोस् भन्ने उद्देश्यले सो सहयोग उपलब्ध गराएको प्रमुख मार्टिनले जानकारी दिनुभएको छ।

उहाँका अनुसार यहाँ पछिल्लो समयमा दुई लाख ६२ हजार जनाभन्दा बढी नागरिक हिंसा र बाढीबाट पीडित भएका छन्। उनीहरू गाँस र बासको पनि व्यवस्था नभएकाले देशभित्रै विस्थापित भएर शरणार्थीका रूपमा बसेका छन्।

उनीहरूको आधारभूत आवश्यकता तथा महिला र बालबालिकाको उद्धारका लागि सो सहयोग रकम उपलब्ध गराइएको उहाँले जानकारी दिनुभएको हो।

आप्रवासनसम्बन्धी एक विश्व संस्था, विश्व खाद्य कार्यक्रम, संयुक्त राष्ट्रसङ्घीय बालकोषलगायतका सङ्घसंस्थाले पनि दक्षिण सुडानलाई पहिले केही सहयोग रकम उपलब्ध गराएका थिए।

ती संस्थाले हालै प्राप्त भएको मानवीय सहायतासम्बन्धी रकमको सही सदुपयोग गरेर यहाँका निकै अप्ठ्यारोमा परेका नागरिकको सहयोगमा लगाउनुपर्ने धारणा राखेका छन्।

### नाइजेरियामा एक सय तीन जना अतिवादी मारिए

अबुजा, ८ पुस (रासस/सिन्ह्वा)।

नाइजेरियामा पछिल्ला केही दिनयता बोको हराम आतङ्ककारी सङ्गठनका एक सय तीन जना लडाका मारिएका छन्।

यहाँका सैनिक अधिकारीले नाइजेरियाको उत्तरी क्षेत्रका कम्तीमा पनि एक सय तीन जना अतिवादी मारिएको बताएका छन्। ती अधिकारीका अनुसार गएका तीन हप्तायता यहाँ भएका कारबाहीका क्रममा ती अतिवादी मारिएका हुन्।

नाइजेरियामा केही वर्षदेखि हत्या तथा आतङ्क जारी नै राखेका बोको हरामका लडाकाहरूले पछिल्लो समयमा यहाँका सैनिक तथा प्रहरी पोष्ट एवं सुरक्षा अधिकारीमाथि नै हमला गर्ने गरेका छन्।

यस क्रममा यहाँको सेनाले नाइजेरियाको उत्तरी क्षेत्रमा बोको हरामका विरुद्धमा सशक्त कारबाही अघि बढाएको छ। ती क्षेत्रमा व्यक्तिगत सम्पत्ति नष्ट गर्नुका साथै सरकारी निकायका कार्यालयमा पनि उनीहरूले आगजनी गर्ने गरेका समाचारका आधारमा सेनाले सो कारबाही अघि बढाएको हो।

नाइजेरियाको राष्ट्रिय सेनाका प्रवक्ता मुसा दनमदनीले सो कुराको जानकारी दिनुभएको हो। उहाँले नाइजेरियाको उत्तरी क्षेत्रमा यहाँका बोको हराम र इस्लामिक स्टेटका विरुद्धमा यहाँको सेनाले कारबाही थालेको छ।

बोको हराम आतङ्ककारी समूहका कारण यहाँका हजारौं नागरिकको ज्यान गएको छ भने उनीहरूको हत्या र आतङ्कका कारण दशौं हजार नागरिक विस्थापित पनि भएका छन्।

# पिसल्यान्ड र लिटिल एन्जेल फाईनलमा




**दैनिक समाचारदाता**
**राजबिराज, ८ पुस ।**
सप्तरी क्रिकेट संघको आयोजनामा राजबिराजमा संचालित जिल्लास्तरिय अन्तरबिधालय एकदिवसिय क्रिकेट प्रतियोगिताको फाइनलमा पिसल्यान्ड र लिटिल एन्जेल भिड्न भएका छन् । फाइनल खेल शनिबार हुनेछ ।

शुक्रवार सम्पन्न सेमिफाईनल खेलमा पिसल्यान्डले शिब्सलाई ७ बिकेटले र लिटिल एन्जेलले रायपुर माबिलाई २४ रनले पराजित गर्दै फाईनलमा प्रवेश गरेका छन ।

पबिमाबिको खेल मैदानमा शिब्स र पिसल्यान्ड बिचको पहिलो सेमिफाईनल खेलमा पिसल्यान्डले शिब्सलाई अन्तिम बलमा एक रन बनाउदै फाईनलमा स्थान सुरक्षित गरेको हो ।

टस जितेर शिब्सले टस जितेर निर्धारित १५ ओभरको खेलमा ३ बिकेट गुमाएर १ सय २८ रनको योगफल खडा गरेको थियो । जसमा लगातार ४ वटै खेलमा अर्धशतक पारी खेल्दै विशाल यादबले ५६ रन अविजित खेलेका थिए । यसैगरी रोहित यादब ३७ रन जोडेका थिए । बलिङतर्फ पिसल्यान्ड स्कुलका बरूण देव गामी, आरयन दास र शनि यादब १/१ बिकेट लिएका थिए ।

प्रतिउत्तरमा पिसल्यान्डका ब्याटर बरूणदेव गामीले बिष्फोटक ब्याटिंग गर्दै खेलको अन्तिम ओभरमा १ छक्का, १ चौका बनाएपछि पिसल्यान्ड ७ बिकेटले जित हासिल गर्दै फाईनलमा स्थान पक्का गरेको छ । टिमका ब्याटर बरूणले ४६ बलमा ४ छक्का, ७ चौकाको मदतले अविजित ६४ रन बनाएका थिए ।

यसैगरी टिमलाई जिताउन अभिशेक मण्डलले उत्कृष्ट ब्याटिंग गर्दै ३४ रन जोडेका थिए । यता बलिङतर्फ शिब्सका सुशान्त देव, लवकान्त यादबले १/१ बिकेट हात पारेका थिए भने एक जना खेलाडी रन आउट भएका थिए ।

उक्त अवसरमा मेलब्रन क्रिकेट फाउन्डेशन कोच तथा नेपाल क्रिकेट फाउन्डेशन प्रोग्रामिनिङ चिफ सारा बेगले खेलको म्यान अफ दि म्याच बिजय टिमका बरूणदेव गामीलाई नगद ५ सयसहित मेडलबाट पुरस्कृत गरिन ।

यसैगरी शुक्रबारै सम्पन्न अर्को सेमिफाइनलमा लिटिल एन्जेलले रायपुरलाई २४ रनले पराजित गरेको छ । टस जितेर लिटिल एन्जलले निर्धारित २० ओभरमा ७ बिकेट गुमाएर १ सय ४८ रनको योगफल खडा गरेको थियो । जसमा कर्णबहादुरले अर्धशतक पारी खेल्दै ५० रन बनाएका थिए भने प्रियान्सु कर्ण ४४ र जेम्स बिकले १९ रन जोडेका थिए ।

बलिङतर्फ रायपुर टिमका सुमन चौधरी ४ बिकेट,अजय अधिकारी, अभिषेक साह र सन्तोष अधिकारीले समान्य १/१ बिकेट हात पारेका थिए । प्रतिउत्तरमा माबि रायपुरले १९ ओभर १ बलमा सबै बिकेट गुमाई १ सय २४ रनमै सिमित रहे । जसमा अमन मण्डल २५ रन, अजय अधिकारी र दिपेन्द्र मेहता २३/२३ रन, सुमन चौधरीले १५ रन बनाए ।

बलिङतर्फ लिटिल एन्जेलका श्रवण गुप्ता ४ बिकेट,शिव दास ३ बिकेट महेन्द्र मण्डल र गोपाल मण्डल १/१ बिकेट लिएका थिए । खेलको म्यान अफ दि म्याच लिटिल एन्जेलका श्रवण गुप्ता घोषित भए ।

# दल नेतामा अध्यक्ष दाहाल 'प्रचण्ड' चयन

काठमाडौँ, ८ पुस (रासस) ।
नेकपा (माओवादी केन्द्र)को संसदीय दलको नेतामा पुष्पकमल दाहाल 'प्रचण्ड' चयन हुनुभएको छ । सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा बिहीबार बसेको दलको बैठकले नेतामा अध्यक्ष दाहाललाई चयन गरेको हो । यस्तै, दलको प्रमुख सचेतकमा हितराज पाण्डे निर्विरोध चयन हुनुभएको छ । दलको उपनेता र सचेतक भने चयन गरिएको छैन ।

यस्तै, राष्ट्रियसभातर्फ दलको नेता नारायणकाजी श्रेष्ठ चयन हुनुभएको छ । प्रमुख सचेतकमा गोपीबहादुर सार्की अछामी र सचेतकमा गङ्गाकुमारी बेल्बासे पहिलेदेखि नै कार्यरत हुनुहुन्छ ।

माओवादीको बिहीबारको पदाधिकारीको बैठकले संसदीय दलको नेतामा नेकपा (माओवादी केन्द्र)का अध्यक्षसमेत रहनुभएका पूर्वप्रधानमन्त्री दाहाललाई संसदीय दलको नेता बनाउने निर्णय गरेको थियो । सोही बैठकले प्रमुख सचेतकमा नेता पाण्डेलाई चयन गर्ने निर्णय गरेको थियो । गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा माओवादीले प्रत्यक्ष र समानुपातिक गरी ३२ स्थानमा जित हासिल गरेका छ ।

Koshi Victims Society (KVS)

## कोशी पीडित समाज

राजविराज–३ सप्तरी

### सिलाई कटाईको प्रशिक्षकको लागि निवेदन दर्ता गर्ने सम्बन्धि सूचना

**(सूचना प्रकाशन मिति २०७९/०९/०९)**

USAID को सहयोगमा कोशी पीडित समाजले सप्तरी जिल्लाका कञ्चनरुप-४ र १०, अग्नि साइर कृष्ण सवरन-४ र ५, हनुमान नगर कंकालिनी-४ र ५ र तिलाठी कोइलाडी-४ र ८ मा USAID Local Works: Saptari परियोजना संचालन गरिहेको छ । यस परियोजना अन्तर्गत छनौट भएका सिमान्तकृत समुदायका केहि व्यक्तिहरुलाई सिलाई कटाई सम्बन्धि दुई महिने तालिम संचालन गर्न अनुभवी प्रशिक्षकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन(२०७९/०९/२४) भित्र यस संस्थामा आइपुग्ने गरी निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरुः

- इच्छुक व्यक्तिले बन्द खाम भित्र प्रशिक्षणको निवेदन, प्रति व्यक्ति/मासिक दर रेट (अंक र अक्षरमा) तालिम लिएको प्रमाण पत्र, नेपाली नागरिकताको प्रतिलिपी, स्थायी लेखा नं., सम्पर्क नं समावेश गरि तोकिएको समयमा दर्ता गनुपर्नेछ ।
- न्यूनतम तीन महिनाको सिलाइ कटाइ सम्बन्धि तालिम लिएको हुनुपर्ने छ ।
- कम्तिमा ३ वटा सिलाइ कटाइ तालिमहरुमा सहजिकरण गरेको हुनुपर्ने छ ।
- प्रशिक्षक प्रशिक्षण छनोट सम्बन्धि निर्णय गर्ने अधिकार कोशी पीडित समाजमा निहित रहने छ ।
- ईमेल मार्फत आबेदन दर्ता गर्न चाहने व्यक्तिले निवेदनसहित सम्पूर्ण कागजातको scan copy ईमेल ठेगाना vacancykvs@gmail.com वा कार्यालयमा सिधै पठाउन सकिने छ ।
थप जानकारीका लागी सम्पर्क नं. ०३१-५३२५२४ वा ९८४१६४९०६७मा सम्पर्क गर्न सकिनेछ ।

## जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit, CITY EXPRESS, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np